# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ८] काठमाडौं वैशाख १३ गते २०१५ साल [अतिरिक्ताङ्क २

### कानून तथा संसदीय प्रबन्ध सचिवालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली-विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिप्रोज्ज्वल त्रिभुवन-प्रजातन्त्र-श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जंगबहादुर शाह-बहादुर शमशेर 'गदेवानाम्' सदा समरविजयिनाम्।

२०१५ सालको ऐन नं. २७

### रोयल नेपाल एरलाइन्स कारपोरेशनको गठन र व्यवस्था गर्न बनेको ऐन

देश तथा जनताको भलाईको लागि हवाई यातायात सेवाको संचालन सुविधा जनक गर्न र हवाई संचारको निमित्त अरु विशेष राम्रो व्यवस्था



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मिलाई यातायातमा सुधार ल्याउन एक एयरलाइन्सेस्स कर्पोरेशनको गठन र व्यवस्था गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

## परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यस ऐनको नाम रोयल नेपाल एयरलाइन्स कर्पोरेशन ऐन, २०१४ रहेकोछ।

(२) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अरु दफाहरु सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकि दिएका मिति देखि प्रारम्भ हुनेछन्।

२. परिभाषाः विषय वा प्रसंगबाट अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "वायुयान" भन्नाले हवाको प्रतिक्रियाद्वारा वायुमण्डलमा आधारित हुन सक्ने जुनसुकै यन्त्र सम्झनु पर्छ र सो शब्दले बेलुन, हवाईजहाज ग्लाइडर र उड्ने यंत्रलाई समेत जनाउँछ।

(ख) "हवाई यातायात सेवा" भन्नाले एक वा बढी उडान गरी व्यक्ति डाक वा अरु कुनै ज्याला भएको वा न भएको वस्तुलाई हवाई मार्गद्वारा भाडा लिई ओसार पसार गर्ने सेवा सम्झनु पर्छ।

(ग) कुनै कर्पोरेशनका सम्बन्धमा "सहकारी" भन्नाले दफा १२ को उपदफा (१) को खंड (क) अन्तर्गत सो कर्पोरेशनसंग सम्झौता भएका कुनै व्यक्ति या कर्पोरेशनको कुनै सहायक अंग सम्झनु पर्छ।

(घ) "कर्पोरेशन" भन्नाले यस ऐन बमोजिम स्थापित रोयल नेपाल एयरलाइन्स कर्पोरेशन लिमिटेड सम्झनु पर्छ।

(ङ) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ।

(च) "विनियम" भन्नाले कर्पोरेशनका मेनेजिंग एजेन्टले बनाएको विनियम सम्झनु पर्छ।

(छ) "डाइरेक्टर" भन्नाले कर्पोरेशनको डाइरेक्टर सम्झनु पर्छ।

(ज) "निर्धारित (सेड्युल्ड) हवाई यातायात सेवा" भन्नाले आमजनताको निमित्त खुला गरी कुनै दुइ वा बढि स्थानहरुमा बीच



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकाशित टाइम टेबुल बमोजिम वा नियमितरूपले चलाइएको हवाई यातायात सेवा सम्झनु पर्छ ।

## परिच्छेद २

### संस्थापन पूंजि र व्यवस्था

३. करपोरेशनको स्थापना:— (क) सरकारले आफुले नेपाल गजेटमा प्रकाशित सूचनाद्वारा तोकि दिएको मिति देखि प्रारम्भ हुने गरी रोयल नेपाल एयरलाइन्स करपोरेशन लिमिटेड नामको एक करपोरेसन स्थापित गर्नेछ ।

(ख) करपोरेशन अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप (सील) हुनेछ करपोरेशनले यस ऐनको अधीनमा रहि चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न र नामसारी गर्न सक्नेछ । यसले आफ्नो नामबाट नालिस उजुर गर्न र यस उपर पनि सोहि नामबाट नालिस उजुर लाग्न सक्छ ।

(ग) करपोरेशनको प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।

४. पूंजि— (१) करपोरेशनको प्रारम्भिक पूंजि भा.रु. ६ लाखको हुनेछ । सो रकमलाई दस दस रुपैयाँको जम्मा ६० हजार शेयरमा विभाजित गरिनेछ । त्यसमध्ये ५० प्रतिशत शेयर सरकारले, २५ प्रतिशत पहिलो मेनेजिंग एजेन्टले लिने छन् र बाँकी २५ प्रतिशत जनताले लिन सक्नेछन् ।

(२) सरकारको अनुमति लिइ करपोरेशनको शेयर पूंजिमा थपघट गर्न हुन्छ ।

(३) उपदफा (१) मा उल्लिखित अनुपात बमोजिम सरकार, मेनेजिंग एजेन्ट र आम जनतालाई नयाँ शेयरहरू बिक्री गरिनेछन् । शेयर पूंजि घटि हुन आएमा हरेक शेयरको नमिनल भ्यालू पनि सोहि अनुपातमा घटाइने छ।

(४) करपोरेशनको दायित्व सीमित हुनेछ ।

५. शेयर होल्डर— नेपालको नागरिक वा नेपालको प्रचलित कानून अन्तरगत रजिष्टर भएको कम्पनी बाहेक अरू कसैले पनि करपोरेशनको शेयर होल्डरमा आफ्नो नाम दर्ता गर्न वा शेयर किन्न वा नामसारी गर्न पाउने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

६. **व्यवस्थाः—** करपोरेशनको सबै काम कारवाइको रेखदेख र निर्देशन एक संचालक समिति ( यसपछि समिति भनिएको ) ले गर्नेछ । करपोरेशनको साधारण सभामा ठहर भए बमोजिम गर्नु पर्ने गरि यो ऐनमा स्पष्ट लेखिए बाहेकका अरू काम,कुराका सम्बन्धमा करपोरेशनलाई भएका सबै कर्तव्य र अधिकारहरूको प्रयोग तथा पालन समितिले गर्ने छ।

तर समितिले आफना कर्तव्य र अधिकारहरू मध्ये आफूलाई आवश्यक एवं उचित लागेका सबै वा केही कर्तव्य र अधिकारहरू मैनेजिंग एजेन्टले प्रयोग गर्न पाउने तथा पालन गर्नु पर्ने गरी सुम्पन सक्ने छ।

७. **संचालक समितिः-** समितिमा आठ संचालकहरू रहनेछन उसमध्ये चार जना सरकारद्वारा नियुक्त दुइजना मैनेजिंग एजेन्टद्वारा मनोनीत र अरू दुई जना शेयर होल्डरहरूद्वारा निर्वाचित हुनेछन् । सरकारले नियुक्त गरेका संचालकहरू मध्ये एकजनालाई श्री ५ महाराजाधिराजबाट अध्यक्ष तोकि बक्सने छ ।

तर—

(क) कुनै व्यक्तिलाई संचालक नियुक्त गर्दा संचालकको हैसियतबाट निजले गर्ने काम कर्तव्यमा खराब प्रभाव पर्न सक्ने किसिमका निजको कुनै आर्थिक वा अरू कुनै स्वार्थ हुनेछैन भन्ने कुरामा आफूलाई पूरा यकीन नभई कुनै व्यक्तिलाई सरकारले संचालकमा नियुक्त गर्न छैन । त्यस्तो स्वार्थ छ छैन भन्ने कुरामा प्रत्येक संचालकको सम्बन्धमा सरकारले बराबर यकीन गर्दै रहनेछ । यस दफा बमोजिमको आफ्नो कर्तव्यको उचित पालनको निमित्त सरकारले आवश्यक सम्झी मागे बमोजिमको सूचना दिनु संचालक भइसकेको वा सरकारले संचालक नियुक्त गर्न चाहेको वा सो बापत्र क हुन स्वीकृति दिइ सकेको कुनै पनि व्यक्तिको कर्तव्य हुनेछ ।

(ख) करपोरेशनले लिए दिएको वा लिने दिने प्रस्ताव गरेको कुनै ठेका पट्टामा वा करपोरेशनको कुनै सहायक कम्पनीले लिइ दिइ वा लिने दिने प्रस्ताव गरी संचालक समितिको विचारार्थ पेश हुन आएको कुनै ठेका पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट सरोकार भएको संचालकले सो कुरा आफूलाई थाहा हुना साथ यथाशीघ्र समितिको सभामा पेश गर्नु पर्दछ । सो पेश भएको कुरा माइन्यूट बुकमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

बनाइनेछ र कारोबारवाला संचालकले सो ठेक्का पट्टा बारे समितिमा हुने कुनै विचार विमर्श वा निर्णयमा भाग लिन पाउने छैन ।

(ग) समितिको अध्यक्षको केही समयको अनुपस्थितिमा अध्यक्षको काम गर्न निजले एक जनालाई नियुक्त गर्नेछन् ।

(घ) यस दफामा अन्यथा लेखिएकोमा बाहेक यस ऐनमा लेखिएको कुनै कुराले मेनेजिंग एजेन्ट वा अरू कुनै कम्पनीमा शेयर लिइ राखेको कर्पोरेशनको मेनेजिंग एजेन्ट नियुक्त भएको कुनै व्यक्तिलाई संचालक बन्न अयोग्य गरेको मानिने छैन ।

८. संचालकको सेवाको शर्त:- (१) नियुक्ति गर्ने अधिकारीले अगावै खारेज गरेमा बाहेक समितिको अध्यक्ष र सरकारबाट नियुक्त अरू सदस्यहरू साधारणतः नियुक्ति पत्रमा उल्लिखित अवधिभर आफ्नो पदमा बहाल रहनेछन् । मेनेजिंग एजेन्टद्वारा मनोनीत भएका संचालकहरू मेनेजिंग एजेन्टले चाहेको समयसम्म सो पदमा रहनेछन् । शेयर होल्डरहरूद्वारा निर्वाचित अरू संचालकहरू निर्वाचित भएको दिनदेखि एक वर्षसम्म आफ्नो पदमा बहाल रहनेछन् र सो अवधि समाप्त भएपछि पुनः निर्वाचित हुन सक्ने छन् ।

(२) सरकारको पूर्व स्वीकृति लिइ कर्पोरेशनले अध्यक्ष र संचालकहरूलाई आफ्ना आफ्ना पदमा बहाल रहेसम्म समितिले निर्धारित गरेको भत्ता, फी वा अरू मेहनताना दिनेछ ।

९. अयोग्यता:— देहायका कुनै व्यक्ति संचालक हुन सक्नेछैनन्:—

(क) कर्पोरेशनको वैतनिक कर्मचारी,

(ख) ऋण तिर्न नसकि साहूको दावासाहिमा परेको व्यक्ति ।

(ग) बौलाहा या मानसिक सन्तुलन रहित व्यक्ति वा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषीसाबीत भएको व्यक्ति ।

१०. संचालकलाई पदबाट हटाउन सकिने:- सरकारले देहायको अवस्थामा कुनै संचालकलाई पदबाट हटाउन सक्छ ।

(क), दफा ९ मा उल्लिखित कुनै अयोग्यताको अवस्थामा पर्नभएमा वा

२५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

(ख) समितिको अनुमति नलिई समितिको सभामा लगातार तीन पटक भन्दा बढि अनुपस्थित भएमा र सो अनुमति बिनाको अनुपस्थितिको कारण सरकारको विचारमा सन्तोषजनक नलागेमा वा।

(ग) दफा ३४ बमोजिम आफुले गरेको प्रतिज्ञा उल्लंघन गरेमा।

११. संचालकको पदत्याग र बीच बीचमा खालि हुने पदहरूको पूर्ति।

(१) अध्यक्ष वा संचालकले समितिलाई लिखित सूचना दिई आफ्नो पदबाट राजिनामा दिन सक्ने छ र राजिनामा स्वीकार भएपछि निजले पदत्याग गरेको मानिने छ।

(२) कुनै निर्वाचित संचालकको पद अवधि समाप्त हुनु अगावै कुनै कारणले बीच बीचमा खालि हुन आएमा निर्वाचनद्वारा सो स्थानको पूर्ति गरिनेछ र यसरी निर्वाचित संचालकले आफ्नो साबिकवालाको बाँकी अवधि सम्म मात्र सो पदमा बहाल रहनेछ।

(३) समितिमा कुनै संचालकको स्थान रिक्त भई वा समितिको गठनमा कुनै त्रुटि भई काम कारबाई भएको रहेछ भने तापनि सोहि कारणले मात्र त्यस्ता काम कारबाई बदर हुन सक्तैन।

१२. संचालक समितिको सभा:- (१) समितिले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको स्थान र समयमा सभा गर्नेछ र तोकिएबमोजिमको कार्यविधि अपनाउने छ।

(२) समितिको सभामा उपस्थित सदस्यहरूको बहुमतले सबै कुराको निर्णय हुनेछ। मत बराबर भएमा अध्यक्ष वा निजको अनुपस्थितिमा अध्यक्षको आसन ग्रहण गर्ने व्यक्तिले मत दिएको मतको बहुमत भएको सम्झी हुनेछ।

## परिच्छेद ३

### कर्पोरेशनको काम, कर्तव्य र अधिकार

१३. कर्पोरेशनको काम, कर्तव्य र अधिकार:- (१) समितिले बनाएका नियमहरूका अधीनमा रही नेपाल राज्यभर वा बाहिर सर्वत्र सुरक्षित कुशल सुव्यवस्थित, किफायत र उचित रूपबाट समन्वित हवाई यातायात सेवाको व्यवस्था गर्नु कर्पोरेशनको कर्तव्य हुनेछ। हवाई यातायात सेवालाई


अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकले अधिक फाइदा हुने गरी विकास गर्दै लैजान र विशेष गरेर सुपथ भाडामा सो सेवा सुलभ हुने गरी कर्पोरेशनले आफ्नो अधिकारको प्रयोग गर्नेछ ।

(२) उपदफा-(१) ले दिएको अधिकारको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी कर्पोरेशनले विशेष गरेर देहायमा लेखिएका अधिकारहरू प्रयोग गर्न पाउनेछ :—

(क) व्यापारिक तथा अन्य उद्देश्यले कुनै हवाई यातायात सेवा चलाउने वा वायुयानको उडान गर्ने र हवाई सेवा सम्बन्धी सबै प्रकारको काम गर्ने ।

(ख) कर्पोरेशन वा अरू कुनै व्यक्तिले नियुक्त गरेका वा कर्पोरेशनमा नियुक्त हुन इच्छुक व्यक्तिहरूलाई वायुयानको उडान गर्ने र तत्सम्बन्धी सबै प्रकारको काम कुरामा शिक्षा तथा तालीमको व्यवस्था गर्ने ।

(ग) कर्पोरेशनले यस ऐन अन्तरगत आफूले गर्न पाउने काम गर्न सरकारको पूर्व स्वीकृति लिई नेपाल बाहिरको कुनै संस्थालाई प्रोत्साहन दिने ।

(घ) चल अचल सम्पत्ति प्राप्त गर्न, राख्ने वा नामसारी गर्ने र अरू कुनै हवाई यातायात सम्बन्धी कार्य गर्ने ।

(ङ) आफ्नो वा अरू कुनै व्यक्तिको वायुयान इञ्जिन वा त्यसका तथा अन्य कलपूर्जाहरू बनाउने, मरम्मत गर्ने र त्यसको उत्पादन गर्ने ।

(च) यस ऐन अन्तरगतको आफ्नो अधिकारको प्रयोग र कर्तव्यको पालनमा मद्दत गर्न विभिन्न सबै ठेका पट्टाहरू लिने दिने र कार्यान्वित गर्ने ।

(छ) अन्य कुनै व्यक्तिद्वारा सञ्चालित हवाई यातायात सेवा सम्बन्धी कुराहरूमा एजेन्ट र ठेकदारको काम गर्ने ।

(ज) सरकारको पूर्व स्वीकृति लिई हवाई यातायातमा लागि रहेका कुनै व्यक्तिले कर्पोरेशनको तर्फबाट वा कर्पोरेशन सँग मिली हवाई यातायात सेवा चलाउन सक्ने गरी निज सँग कबुलियत गर्ने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) सरकारको पूर्व स्वीकृति लिई, आफूले संचालन गरेको हवाई याता-यात सेवाद्वारा ओसार पसार गरेका यात्री सवारी दर र अरू दस्तुर निर्धारित गरी असूल गर्ने,

(ञ) आफूले संचालन गरेको हवाई यातायात सेवाद्वारा ओसार पसार गरेका माल सामानहरूको भाडा निर्धारित गर्ने,

(ट) फिडर सेवाको विकास र हवाई यातायात सेवाहरूमा प्रयोग हुने विभिन्न वायुयानहरूको किसिममा सुधार ल्याउनको साथै नेपाल भित्र वा बाहिर करपोरेशनद्वारा संचालित हवाई यातायात सेवाको विकास गर्न आवश्यक कदम उठाउने,

(ठ) करपोरेशनको हित हुने काम गर्न वा करपोरेशनद्वारा संचालित यातायात सेवामा करपोरेशनले व्यवस्था गरेको भोजन, विश्रामगृह माल गोदाम र जल वा स्थल मार्गद्वारा चलाउने हवाई यातायात सेवा वा अरू कुनै प्रकारका सेवा सुविधामा सुधार गर्न आवश्यक कदम उठाउने, र

(ड) यस ऐनद्वारा प्रदत्त काम, कर्तव्य र अधिकारहरूको प्रयोग तथा पालन गर्न आवश्यक एवं सुविधाजनक भएका सबै कामहरू गर्ने।

(३) यस दफामा लेखिएको कुनै कुराले—

(क) करपोरेशनलाई तत्काल लागू रहेको कुनै नेपाल कानूनको उल्लंघन गर्न अधिकृत गरेको, वा

(ख) करपोरेशन वा त्यसका कर्मचारीहरूले अन्यथा पालन गर्नु नपर्ने कुनै कर्तव्य वा बोक्नु न पर्ने कुनै दायित्वको सम्बन्धमा नियम उपर कुनै कारबाई चलाउन कुनै व्यक्तिलाई अधिकार दिएको,

मानने छैन।

१५. करपोरेशनले गर्न सक्ने काम कारवाई:—(१) करपोरेशनले आफ्नो कामको उचित सम्पादनको निमित्त मनासीब एवं आवश्यक भएका सबै कामहरू गर्न सक्ने छ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी करपोरेशनले देहायका काम कुराहरू गर्न सक्नेछ:—



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नेपाल सरकार, नेपालका नागरिकहरू र विदेशीहरूसँग राख्न ब्याजको धरौटी ब्याज दिइ वा न दिइ लिने र तीउहरूको नाममा हिसाबको खाता खोल्ने।

(ख) लेखा बापत देहायका पर्याप्त सिक्यूरिटीको सापटि दिने:—

१) नेपाल वा अरू विदेशी सरकारहरूको सिक्युरिटी र प्रमिसरी नोटहरू (वचनपत्र)

२) चल सम्पत्ति वा त्यस्तो सम्पत्तिको हक दिइने लिखत (डकुमेन्ट अफ टाइटल)

(३) नेपाल कम्पनी कानून बमोजिम रजिष्टर्ड भएका कम्पनीहरूको शेयर वा डिबेंचर।

४) पत्यार लायकका व्यक्तिहरूले स्वीकृति गरेको बील अफ एक्सचेंज, आफ्नामा डिस्काउन्ट गरेको सम्बन्ध नभएका दुई वा दुई भन्दा बढी व्यक्ति वा फर्महरूले रीत पूर्वक गरी एकको प्रमिसरी नोट (वचनपत्र) वा बोन्ड,

(ग) पत्यार लायक दुई वा दुई भन्दा बढी व्यक्तिहरूको हस्ताक्षर भएको, नब्बे दिन सम्मको मुद्दती म्याद भएको नेपाल तथा अरू देशहरूमा काटेको र भुक्तानी गर्नु पर्ने बील अफ एक्सचेंज प्रमिसरी नोट र व्यापारिक बीलहरू खरीद बिक्री गर्ने यो सट्टा लिने दिने।

[घ] पत्यार लायक कुनै करपोरेसनले खरीद वा स्वीकार गरेको नब्बे दिन सम्मको भुक्तानी म्याद भएको, नेपालमा उत्पादन भएको माल सामानको निकासी सम्बन्धी बील अफ एक्सचेंज खरीद बिक्रि गर्ने यो सट्टा लिने दिने।

[ङ] तत्काल लागू रहेका कानून बमोजिम सिक्का तथा नोटका मुद्राहरू समेत अरू विदेशी मुद्राहरू संग नेपाली मुद्राको परस्पर सटही गर्ने,

(च) यसैको बखत फिर्ता पाउन सक्ने गरी पत्यार लायक व्यक्तिहरूलाई सापट दिने।

(छ) करपोरेशनको सम्पत्ति धितो बन्धक राखी अरूसंग सापट लिने।

(ज) करपोरेशनको कुनै सम्पत्ति भाडामा दिने बिक्री गर्ने वा अरू प्रकारको बन्दोबस्त गर्ने।

39

(झ) कर्पोरेशनका कर्मचारीहरूको निमित्त सेविंग [बचत खाता] बैंक एकाउन्ट खोल्ने।

(ञ) कानूनी हिसाब बापत कर्पोरेशनको सिक्योरिटिमा राखेको बाँकी रहेको अवधि भित्र भुक्तानी नभएको बील अफ एक्सचेंज प्रमिसरी नोट डिभेन्चर शेयर सिक्युरिटि र सम्पत्ति वा एक कागजपत्र बिक्री गर्ने वा हस्तान्तर गर्ने।

(ट) चेक हुंडी प्रमिसरी नोट बील अफ एक्सचेञ्ज खरीद बिक्री गर्ने वा स्वीकार गर्ने।

(ठ) लेटर अफ क्रेडिट सर्टिफिकेट र क्रेडिट नोटहरू निकाल्ने।

(ड) सरकारी रकम कर्पोरेशनमा डिपोजिट गर्न ल्याउँदा प्राप्त भएको सरकारको आदेश वा अनुदेश बमोजिम सरकारको तरफबाट कारोबार गर्ने।

(ढ) कर्पोरेशनका कर्मचारीहरूलाई तलब भत्ता दिने र तिनीहरूको निमित्त पेन्सन वा प्रविडेंट फण्डको व्यवस्था गर्ने।

(ण) डिपोजिटको ब्याज दिने र कर्पोरेशनको शेयरको लाभांश बाँड्ने।

(त) निक्षेपीहरूलाई र यो ऐनलाई मान्यता प्रदान गराउने र कर्पोरेशन प्रति जनताको विश्वास गराउने र,

(थ) यस ऐनमा उल्लिखित विभिन्न प्रकारका कार्यको सम्पादनको सिलसिलामा गर्नु पर्ने अरू सबै काम कुरा गर्ने।

१५. कर्पोरेशनको निर्धारित (सीडयुल्ड) हवाई यातायात सेवा प्रारम्भ गर्ने :-

(१) सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको मीति देखि कर्पोरेशन वा त्यसको सहकारी बाहेक अरू कसैले नेपाल भित्र आउन वा नेपाल बाहिर जाने वा नेपालको एक स्थानबाट अर्को स्थानमा जाने गरी कुनै निर्धारित (सिडयुल्ड) हवाई यातायात सेवाको संचालन गर्न पाउने छैन।

तर यस दफामा लेखिएको कुनै कुराले कुनै व्यक्तिको बेहायको अधिकारलाई सीमित गर्न सक्ने छैन।

[क] नेपाल बाहिरको कुनै मुलुकमा कारोबारको मूल केन्द्र रहेका कसैले से मुलुकको सरकार र नेपाल सरकारका बीच सम्झौता लागू भई



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

राखेको कुनै सम्झौता बमोजिम हवाई यातायातको कारोबार चलाउने उद्देश्यले हवाई यातायातको सेवाको सञ्चालन गर्न वा।

[ख] वायुयान नियन्त्रणको काम तथा वायुयान चलाउने शिक्षा दिने मूल उद्देश्यले व्यक्तिहरूलाई राखी वायुयान उडाउन वा

[ग] कुनै दैवी प्रकोप लागेको बेलामा सहायता पुर्‍याउनको लागि यात्री तथा माल सामान ओसार पसार गर्ने वा,

[घ] बीचमा कहीं नओर्लिकन एकै हवाई अड्डा वा स्थानबाट उडान गरी सोही हवाई अड्डा वा स्थानमा उत्रने गरी मनोरञ्जनको लागि मात्र हवाई उडान गर्ने, वा हवाई सर्वे गर्न, आगो निभाउने वा बालीमा रसायनादि छर्ने, सडक नियन्त्रण गर्ने उद्देश्यले वा सो बाहेक अरू हवाई कार्यको निमित्त मात्र यात्री तथा सामान ओसार पसार गर्ने।

[२] यस दफालाई उल्लंघन गरी यस ऐनले निर्धारित हवाई यातायात सेवाको संचालन गरेमा निजलाई प्रत्येक पटकको अपराधको लागि रु १०००। एक हजारसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

स्पष्टीकरण:—यस दफाको तात्पर्यको लागि प्रत्येक उडानलाई छुट्टा छुट्टै अपराध मानिनेछ।

## परिच्छेद ४

### कोष, हिसाब र हिसाब जाँच

१६. करपोरेशनको कोष:—(१) करपोरेशनको एक छुट्टै आफ्नो कोष रहनेछ र करपोरेशनको सबै आम्दानी सोही कोषमा जम्मा गरिनेछ र सबै खर्च पनि सोही कोषबाट हुनेछ।

(२) करपोरेशनले नेपाल राष्ट्र बैंक वा सरकारले अनुमति दिएको एक कुनै बैंकको चल्ती खातामा तोकिएको अङ्क भन्दा नबढाई रकम राख्न सक्नेछ। तर रकम तोकिएको अंक भन्दा बढि भएमा नेपाल राष्ट्र-बैंकमा रहेको एजेन्टहरू कहाँ जम्मा गरिनेछ वा सरकारले अनुमति दिएको तरीका बमोजिम लगाइनेछ।

१७. खर्च गर्ने सम्बन्धमा करपोरेशनको अधिकार:—यस ऐनको अधीनमा रही यस ऐनद्वारा अधिकृत भएका कार्यहरूका निमित्त तथा विषयमा आ-

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फुलाई उचित ठहरेको रकम खर्च गर्ने अधिकार करपोरेशनलाई हुनेछ र यसरी खर्च भएको रकम करपोरेशनको सोधखाहखर्च भएको ठहरिनेछ।

१८. केही कुराहरूमा करपोरेशनले सरकारको दायित्व सम्हाल्ने:-- करपोरेशनको स्थापना हुनुभन्दा अघि यस ऐनको कुनै उद्देश्य पूर्ति गर्नको निमित्त सरकारले सरकारसँग वा सरकारको निमित्त भए गरेको सबै दायित्व र ठेक्का पट्टाहरू रोयल नेपाल एयरलाइन्स लिमिटेडले वा निजको निमित्त भए गरेको मानिनेछ।

१९. अडिटर:-[१]करपोरेशनको हिसाबको जाँचको निमित्त सरकारले मनोनित गरेको एक जना अरू सेयर होल्डरहरूले छानेको एक जना गरी जम्मा दुई जना अडिटरहरू नियुक्त गरिने छन्। शेयर होल्डरहरूद्वारा छानिने अडिटर शेयर होल्डरहरूको वार्षिक साधारण सभामा छानिने छन् र सोही सभामा ती दुई जना अडिटरहरूको वेतन पनि निर्धारित गरिनेछ।

(२) शेयर होल्डरहरू पनि अडिटर हुन सक्ने छन् तर करपोरेशनको कुनै सञ्चालक वा अरू पदाधिकारी जो पदमा बहाल रहेसम्म अडिटरमा नियुक्त हुन सक्ने छैनन्।

(३) नियुक्त भएका वा छानिएका अडिटरहरू एक वर्षसम्म आफ्ना पदमा बहाल रहने छन् र सो अवधि पूरा भएपछि पुन मनोनीत हुन वा छानिन सक्ने छन्।

(४) निर्धारित पदाधिकारीहरूको पद कुन कारणवश बीच बीचमा खाली भएमा शेयर होल्डरहरूको वार्षिक साधारण सभा नहुन्जेलसम्मका लागि संचालक समितिले सो खाली स्थानको पूर्ति गर्न सक्नेछ।

२०. सरकारद्वारा विशेष इन्सपेक्टरहरूको नियुक्ति:-दफा १९ मा लेखिएका कुनै कुरामा प्रतिकूल प्रभाव नपारी सरकारले कुनै बखत पनि करपोरेशनको हिसाब किताब जाँच्न र सो बारे रिपोर्ट पेश गर्न विशेष इन्सपेक्टर नियुक्त गर्न सक्नेछ।

२१. अडिटरहरूको अधिकार र कर्तव्य:-करपोरेशनका पदाधिकारीहरूले अडिटर र इन्सपेक्टरहरूद्वारा निरीक्षण तथा हिसाब जाँचको निमित्त मागे बमोजिमको हिसाब किताब र अरू कागजपत्रहरू तिनीहरू छेउ पेश गर्नु पर्नेछ।

२२. अडिटरको रिपोर्ट:—करपोरेशनको हिसाब किताब र बैलेन्सशिट तयारको अडिटरहरूले। रिपोर्टमा देहायका कुराहरू स्पष्ट उसले उल्लेख हुनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) निजहरूले मागेको कुनै स्पष्टीकरण वा सूचना कर्पोरेशनले दिएको छ छैन र दिएको भए सो कुरा सन्तोषप्रद छ छैन,

(ख) पेश भएको वैलेन्स सीट रीतपूर्वक भो छ छैन, र

(ग) निजहरूको विचारमा, प्राप्त भएको वैलेन्स सीट र स्पष्टीकरणहरूमा कर्पोरेशनको वास्तविक आर्थिक स्थिति देखिने गरी सबै आवश्यक कुराहरू रहेका छन् छैनन् ।

## परिच्छेद ५

### साधारण सभा

२३. साधारण सभाः—(१)प्रत्येक साल कर्पोरेशनको साल तमाम हुने पैंतालीस दिनभित्र कर्पोरेशनको प्रधान कार्यालयमा शेयर होल्डरहरूको वार्षिक साधारण सभा गरिनेछ । कम्तिमा पचास शेयर होल्डरहरूले आफ्नो हस्ताक्षरमा लिखित निवेदन गरेमा वा समितिले आवश्यक ठहऱ्याएको समयमा असाधारण सभा गरिनेछ ।

[२] कर्पोरेशनको प्रत्येक शेयर होल्डरले कर्पोरेशनको साधारण सभामा उपस्थित हुन पाउँछन् ।

२४. साधारण सभामा गरिने काम कारवाईः— शेयर होल्डरहरूले साधारण सभामा हिसाब फाँट, वार्षिक रिपोर्ट, वैलेन्स सीट, समितिले सिफारिस गरेको लाभाँश र अडिटरको रिपोर्ट उपर विचार विमर्श गर्न सक्नेछन् ।

२५. शेयर होल्डरको मतदानः—[१] पांच शेयरसम्म लिएको शेयर होल्डरमा दरिएको हरेक व्यक्तिले एकमत दिन पाउनेछ र सो भन्दा बढी शेयर लिएका व्यक्तिले प्रत्येक पाँच शेयरको निमित्त एकका हिसाबले बढी मत दिन पाउनेछ

(२) शेयर होल्डरले आफै बाट वा प्रतिनिधि पठाई मतदान दिन पाउनेछ र त्यस्तो प्रतिनिधिमा सेयर होल्डर बाहेक अरू कसैलाई नियुक्त गर्न पाइदैन ।

(३) प्रत्येक शेयरमा लागिएको रकम भुक्तान नगर्ने कुनै शेयर होल्डरले मतदान दिन पाउँदैन ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद ६

### हवाई नियन्त्रण परिषद्

२६. हवाई नियन्त्रण परिषद्को गठन:- श्री ५ को सरकारले एक अध्यक्ष र अरू चारजना सम्म सदस्यहरूको एक हवाई नियन्त्रण परिषद् गठन गर्न लगाउन सक्नेछन् सिभिल एभिएशनको डाइरेक्टर सो परिषद्को पदेन सदस्य हुनेछन् ।

सरकारले नियुक्त हुने सदस्यहरू मध्ये कमसेकम दुई जना सदस्य करपोरेसनद्वारा मनोनीत हुनेछन् जसमा एकजना मेनेजिङ एजेन्टहरूको प्रतिनिधि हुनेछन् ।

२७. हवाई नियन्त्रण परिषद्ले गर्नु पर्ने काम कुराहरू:- (१) हवाई नियन्त्रण परिषद्ले देहायका कुराहरूमा विचार गर्नु पर्नेछ :-

(क) करपोरेसनको अनुरोधमा निर्धारित हवाई यातायातसेवा चलाउने, करपोरेशनले हवाई सेवा चलाउनु पर्ने मार्गहरू, यस्तो सेवाको संख्या यात्री तथा माल सामानको निमित्त लिइने भाडा, किफायति दरहरू चलाउने, वायुयान वा करपोरेसनको कार्य क्षेत्र भित्र पर्ने कुनै चीजलाई मरमत गर्ने, वा त्यसको संचालन कायम राख्नलाई चाहिने सेवाको व्यवस्था र साधारण तथा यस्तो सबै विषयहरूमा पूरा पूरा सहयोग र समन्वय गर्ने कुराहरू ठेगाना गर्ने र,

(ख) डाइरेक्टर, सिभिल एभिएशनले परिषद् छेउ पेश गर्नु पर्ने सबै महत्वपूर्ण कुराहरू, र तिनमा परिषद्ले सरकार छेउ सिफारिस पेश गर्ने ।

[२] सरकारको अनुरोधमा हवाई नियन्त्रण परिषद्ले यात्री, भाडा माल, सामान, मोटर र करपोरेसनद्वारा व्यवस्था भएका अरू कुनै सेवा वा सुविधा बापत लगाएको अरू कुनै शुल्क बारे जाँचबुझ गरी यस्तो सेवा उपयुक्त एवं पर्याप्त भए नभएको कुराको रिपोर्ट सरकारलाई बोध गराउनेछ ।

(३) परिषद्ले समय समयमा सरकारलाई हवाई यातायात र ट्राफिक विकास तथा वृद्धि र आर्थिक विश्लेषण हिसाब राख्ने तरीका खर्च लागत निकाल्ने (कस्टिंग) र तथ्याङ्क राख्ने तरीका र आर्थिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विषयमा रिपोर्ट पेश गर्ने र विशेष गरी दफा ३० का प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएका कुराहरूमा सल्लाह दिनेछ ।

(४) यस दफा अन्तर्गत हवाई नियन्त्रण परिषद्बाट दिइएको सिफारिस उपर विचार गरी सरकारले त्यसका सम्बन्धमा आफूलाई लागेको आवश्यक निर्देशहरू दिन सक्नेछ र त्यस्तो निर्देश बमोजिम गर्न सम्बन्धित कर्पोरेशन बाध्य हुनेछ ।

२८. परिषद्का कर्मचारी:—[१] परिषद्का एक सेक्रेटरी र सरकारले तोके बमोजिमका अरू कर्मचारीहरू रहनेछन् र परिषद्का कर्मचारीहरू र अरू काम कुराहरूका निमित्त लाग्ने सबै खर्च सरकारले बेहोर्नेछ ।

२९. परिषद्को कार्यप्रणाली:—(१) आफ्नो कार्यप्रणाली व्यवस्थित गर्ने र नेपाल राज्यभरको हवाई यातायात र ट्राफिक सम्बन्धी सबै आवश्यक विनियमहरू बनाउने अधिकार परिषद्लाई हुनेछ र त्यस्तो विनियमहरू सरकारबाट स्वीकृत गराउनु पर्छ ।

(२) परिषद्मा कुनै सदस्यको स्थान रिक्त भई वा परिषद्को गठनमा कुनै त्रुटी भै काम कारबाई भएको रहेछ भनेतापनि सोही कारणले मात्र त्यस्ता काम कारबाई बदर हुन सक्तैन ।

## परिच्छेद ७

### सरकारी नियन्त्रण

३०. सरकारको निर्देश गर्ने अधिकार:—सरकारले राष्ट्रीय हितलाई ख्याल राखी कर्पोरेशनसंग सरसल्लाह गरी उचित ठहऱ्याएमा कर्पोरेशनलाई देहायका कुराहरू गर्न निर्देश गर्न सक्नेछ ।

(क) कर्पोरेशनको अधिकार क्षेत्र भित्रको कुनै यातायात सेवाको संचालन गर्न वा अरू काम कारबाई गर्न ।

(ख) आफूले चलाइराखेको कुनै निर्धारित हवाई यातायात सेवा वा अरू कामकारबाई बन्द गर्न वा त्यसमा कुनै फेर बदल गर्न, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) आफूले गर्न आँटेको कुनै काम कुरा नगर्न ।

तर सरकारको निर्देश बमोजिम करपोरेशनले कुनै हवाई यातायात सेवा वा अरू काम कुराको स्थापना गरेको वा त्यसमा कुनै फेर बदल गरेको वा त्यसको संचालन जारी राखेको वा बन्द गरेको रहेछ र यो गरेको आर्थिक वर्षमा हवाई यातायात सेवा र अरू काम कुराको संचालन सम्बन्धी करपोरेशनको सम्पूर्ण व्यवसायमा नोक्सानी भएको छ र कोहि वर्षमा सरकारको निर्देश बमोजिम त्यस्तै सेवा वा अरू काम कुराको स्थापना वा फेर बदल वा संचालन जारी राख्ने वा बन्द गर्ने काम नोक्सानीमा गरीएको छ भन्ने कुरामा सरकारलाई चित्त बुझाउन सकेमा त्यस्तो निर्देशानुसार भए गरेको काम कुराबाट हुन आएको नोक्सानीको रकम सम्म सरकारले करपोरेशनलाई पूर्ति गर्ने छ ।

र करपोरेशनको सम्पूर्ण व्यवसायमा नोक्सानी नभएतापनि त्यसरी निर्देशानुसार भए गरेका काम कुराबाट हुन आएको नोक्सानीको रकम सम्म सरकारले विशेष अवस्थामा आफ्नो चित्त बुझेमा करपोरेशनलाई पूर्ति गर्ने छ ।

२१. कुनै कुनै विषयमा सरकारको पूर्व स्वीकृति लिनु पर्ने:— करपोरेशनले सरकारको पूर्व स्वीकृति नलिई देहायको काम गर्न हुन्दैन ।

(क) दशलाख रुपया भन्दा बढी पर्ने कुनै अचल सम्पत्ति वा वायुयान वा अरू कुनै कुरा खरीद गर्न वा प्राप्त गर्नको निमित्त पूंजि खर्च गर्न ।

(ख) पाँच वर्ष भन्दा बढि समयको लागी कुनै अचल सम्पत्ति धितो लिन दिन, वा

(ग) रू. १०००००० दशलाख भन्दा बढि मोल पर्ने कुनै पनि सम्पत्ति वा अधिकार वा सुविधा बेच बिखन वा नामसारी गर्न ।

२२. प्रत्येक वर्षको कार्यक्रम पेश गर्ने:— (१) करपोरेशनको आर्थिक वर्ष शुरू हुनु भन्दा कमसेकम ३ महीना अगावै करपोरेशनले सरकारलाई करपोरेशन र त्यसका सहकारीहरुद्वारा आगामी आर्थिक वर्षमा गरिने हवाई यातायात सेवाको संचालन सम्बन्धी कार्यक्रम र विकाश कार्य र अरू काम कुराहरूको विवरण र पूंजि लगानी र कर्मचारीहरूको थप घट भए त्यसको विवरण सहित प्रस्तावित आर्थिक बजेट पेश गर्नु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गराएपछि मात्र लागु हुनेछ।

(२) हुने आर्थिक वर्षमा कर्पोरेशनले उपदफा (१) अन्तरगत पहिले नै पेश भई सकेको कार्यक्रममा उल्लिखित कुराहरूका अतिरिक्त अरू कुनै हवाई यातायात सेवा वा अरू सहायक काम कुरामा हात हालेमा वा हात हाल्न चाहेमा र त्यसले गर्दा प्रस्तावित आर्थिक लागतमा ठोस फेर बदल ल्याउने सम्भावना भएमा, कर्पोरेशनले यस्तो सेवा वा काम कुराको पूरक कार्यक्रम र कर्पोरेशनबाट त्यस सम्बन्धमा सो आर्थिक सालको बाँकि रहन आएको समयमा बेहोर्ने खर्च र प्राप्त गर्ने रकमको पूरक लागत सरकारमा स्वीकृतिको निमित्त पेश गर्नेछ।

तर हवाई यातायातको आकस्मिक माग पूरा गर्न वा अरू विशेष परिस्थिति सम्हाल्न कर्पोरेशनले उपदफा (१) मा उपदफा (२) अन्तरगत प्रस्तुत भएको कार्यक्रममा उल्लेख नभएको कुनै पनि सेवा वा अरू सहायक काम कारवाई चलाउन र त्यसको तोकिएबमोजिमको रिपोर्ट सरकारमा पेश गर्न सक्छ।

## परिच्छेद ८

### विविध

१२. मेनेजिंग एजेन्टको नियुक्ति:— (१) सरकारले अनुसूचि (क) मा उल्लिखित शर्तमा कर्पोरेशनको पहिलो मेनेजिंग एजेन्ट नियुक्त गर्नेछ।

(२) संचालक समितिको साधारण नियन्त्रण र निर्देशनमा रही पहिलो मेनेजिंग एजेन्टको अधिकार र कर्तव्य अनुसूचि (ख) मा तोकिए बमोजिम हुनेछ।

(३) पछि नियुक्त हुने मेनेजिंग एजेन्ट समितिलाई ठीक लागेको शर्तमा समितिद्वारा नियुक्त हुनेछन्।

(४) यो ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि—

[क] कुनै मेनेजिंग एजेन्टले यो ऐन अन्तरगतको आफ्नो अधिकारको दुरूपयोग गरेको वा यो ऐनले दिएको भन्दा बढी अधिकारको प्रयोग गरेको वा कर्पोरेशनको सम्पत्ति वा कोष हिनामिना गरेकोछ भन्ने कुराको सरकारलाई विश्वास हुने


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यथेष्ट कारण भएमा त्यस्ता मेनेजिङ एजेन्टलाई सरकारले सस्पेन्ड गर्न सक्नेछ।

[ख] खण्ड (क) अन्तर्गत कुनै मेनेजिङ एजेन्टलाई सस्पेन्ड राखिए पछि निज उपर सरकारले सो क्षेत्रको सर्वोच्च अदालतको न्यायाधीश वा न्यायाधीश हुन योग्य व्यक्तिद्वारा जाँचबूझ गर्न लगाउने छ।

[ग] यस दफा को प्रयोजनको निमित्त धर्म भकाई बयान गराउने, लिखतहरू दाखिल गर्न कर लगाउने, साक्षीहरूलाई उपस्थित गराउने र साक्षी प्रमाणहरू बुझ्ने सम्बन्धमा अदालतको जस्तो अधिकार खण्ड (ख) अन्तर्गत नियुक्त न्यायाधीश वा व्यक्तिलाई प्राप्त हुनेछ।

[घ] त्यस्तो न्यायाधीश वा व्यक्तिबाट जाँचबूझको रिपोर्ट दाखिल भएपछि सो उपर विचार गरी सरकारले आफूलाई आवश्यक लागे जो कारबाई गर्न सक्नेछ।

तर यस दफाका अन्तर्गत सरकारले गरेको कारबाईमा चित्त नबुझ्ने मेनेजिङ एजेन्टले श्री ५ महाराजाधिराजका हजूरमा अपील गर्न सक्नेछ र मौसूफबाट भएको आदेश उपर कुनै अदालतमा सवाल जवाफ गरिने छैन।

(ङ) खण्ड (क) अन्तर्गत अभियोग लागि सस्पेन्ड गरिएको मेनेजिङ एजेन्ट यसरी सस्पेन्ड रहेका अवधिको निमित्त कुनै पनि मेहनताना पाउने छैन।

२४. गोप्य राख्ने र विश्वासघात नगर्ने कुराको प्रतिज्ञा गर्नु पर्ने:— पद सम्हाल्नु भन्दा अघि नै कर्पोरेशनका हरेक संचालक, आडिटर, पदाधिकारी र कर्मचारीले अनुसूचि (ग) बमोजिमको फाराममा दिइए अनुसार आफ्नो कोहरो अनकरी काम कुराहरू व्यक्ति वा व्यक्तिहरूलाई प्रकाश गर्ने छैन र विश्वासघात गर्ने छैन भनि प्रतिज्ञा गर्नु पर्नेछ।

२५. मुद्रा:- प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कर्पोरेशनको कारोबार भारतीय मुद्रामा हुनेछ।

तर कुनै पनि व्यक्तिले सरकारी विनिमय दरले नेपाली मुद्रामा भुक्तानी गर्न सक्नेछ र कर्पोरेशनले स्वीकार गर्नु पर्दछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

३६. मध्यस्थद्वारा झगडाको निर्णय (१) मैनेजिङ्ग एजेंट र समिति मध्ये कसैको अ पक्षमा कुनै झगडा परेमा सो झगडाको निर्णय सरकारद्वारा नियुक्त सर्वोच्च अदालतको न्यायाधीश हुन योग्य मध्यस्थले गर्नेछ र त्यस्तो झगडालाई हेरि निर्णय गर्न अधिकार कुनै अदालतलाई हुनेछैन।

(२) निर्णयको लागि उपदफा (१) अन्तरगत मध्यस्थछेउ पठाइएको झगडाको सम्बन्धमा साक्षी प्रमाण बुझ्ने वादीहरूलाई उपस्थित गराउने र लिखतहरू पेश गराउने कुराहरूमा अदालत सरहको अधिकार निजलाई हुनेछ।

(३) मध्यस्थको निर्णय अन्तिम हुनेछ र दुवै पक्षहरू उपर मान्य हुनेछ। हरमर्का पर्ने पक्षको निवेदन परेमा सर्वोच्च अदालतले देहायका अवस्थामा सो निर्णयलाई रद्दी गर्न सक्नेछ।

(क) मध्यस्थले निर्णय गर्दा अनुचित व्यवहार देखाएको वा खास पक्ष लिएको देखिने गरी बेठीक निर्णय गरेको वा मनमानी गरेको भन्ने स्पष्ट देखिन आएमा, वा

(ख) मध्यस्थको निर्णय सरासर कानून विरुद्ध भएमा।

(४) त्यस्तो निर्णयलाई सर्वोच्च अदालतबाट रद्दी गरिएको खण्डमा झगडालाई निर्णयको निमित्त सर्वोच्च अदालतबाट नियुक्त अर्को मध्यस्थ छेउ पठाइनेछ।

(५) मध्यस्थद्वारा भएको निर्णय अदालतको डिग्री सरह हुनेछ।

(३७) नियम बनाउने अधिकार (१) यस ऐनका उद्देश्य पूर्ति गर्नका निमित्त समितिले नियमहरू बनाउन सक्नेछ र ती नियमहरू सरकारबाट स्वीकृति भई नेपाल गजेटमा प्रकाशित भएपछि लागू हुने छन्।

[२] उपयुक्त अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी विशेष गरेर ती नियममा देहायमा उल्लिखित सब वा केही विषयहरूको व्यवस्था हुन सक्नेछ।

[क] कार्पोरेशनका पदाधिकारी र कामदारहरूको सेवाको शर्त।

[ख] कार्पोरेशनले तयार गर्नु पर्ने र सरकार छेउ पेश गर्नु पर्ने बजेट हिसाब र अरू विवरण र तथ्यांकहरूको ढाँचा।

(ग) कार्पोरेशनले पेश गर्नुपर्ने रिपोर्ट र त्यसको म्याद।

[घ] हिसाब किताब राख्ने।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

[ङ] कुनै कार्य भए वा नभए बापत कुन तेस्रो पक्षलाई कर्पोरेशनले तिर्नु पर्न हुन आएको रकम चुक्ता गर्न कर्पोरेशनद्वारा कुनै कोषको स्थापना र त्यसको संचालन,

[च] डिप्रिशिएशन, रिजर्भ र अरू कोषहरूको व्यवस्था,

[छ] कर्पोरेशनसंग हुने कुनै ठेक्कामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले सम्बन्धित व्यक्तिहरूलाई कर्पोरेशनको कर्मचारी हुन वा रहन नदिने व्यवस्था,

[ज] कुनै कारवाईको अभियोग उठाउने सुविधा प्राप्त गर्न कर्पोरेशन द्वारा प्रयोग गर्न हुने अधिकार,

[झ] यस ऐन अन्तर्गत तिर्नुपर्ने कुनै मुआवजा चुक्ता गर्न कर्पोरेशनले निकाल्ने बोन्ड,

[ञ] कर्पोरेशनका कर्मचारीहरू अरू व्यक्तिहरूको व्यवस्था र त्यसको लागि कर्पोरेशनले आफ्नो इच्छानुसार असूल गर्न पाउने फी,

[ट] कुनै हवाई यातायात सेवा वा कर्पोरेशनका कुनै जायदादमा हस्तक्षेप गर्न वा कर्पोरेशनको कुनै अफिसर वा कर्मचारीलाई आफ्नो कर्तव्य पालनमा बाधा उपस्थित गर्न निषेध गर्ने,

[ठ] यस दफा अन्तरगत बनेका नियमहरू उल्लंघन गरेमा छ महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था र

[ड] कर्पोरेशनका पदाधिकारी र संचालकहरूको बचाव।

३८. विनियम बनाउने मैनेजिंग एजेन्टको अधिकार—[१] मैनेजिंग एजेन्टले कर्पोरेशनका काम कुराहरूको उचित सम्पादनको निमित्त र आफ्नो काम सुचारुरूपले चलाउनको निमित्त यो ऐन वा यस ऐन अन्तरगत बनेका नियमहरूमा बाधा विरोध नपारी विनियमहरू बनाउन सक्छ र सो विनियमहरू समितिबाट स्वीकृत भएपछि लागू हुने छन्।

[२] उपदफा [१] ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल नपारी, विशेष गरेर ती विनियमहरूमा देहायका सबै वा केही कुराहरूको व्यवस्था हुन सक्छ:-

[क] कर्पोरेशनको सभा हुने समय र स्थान र, त्यसमा पालन गरिने कार्यविधि,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

[ख] आफुले संचालित गरेका हवाई सेवाहरूमा यात्राको लागि आफ्ना अफिसर र अरू कर्मचारीहरूलाई विना मूल्यमा वा सहुलियत प्राप्त मोलमा करपोरेशनले इस्युगर्ने पास [अनुमतिपत्र] र त्यस सम्बन्धी शर्तहरू,

[ग] करपोरेशनका आदेश, निर्णय र त्यसद्वारा गरिएका लिखतहरूको प्रमाणीकरण।

[घ] प्रयोग भई नसकेका टिकटहरूको मोल फिर्ता गर्ने र सहुलियत प्राप्त मोलमा पास दिने व्यवस्था गर्ने।

[ङ] दावी नगरिएका माल सामानहरू कति समय पछि किनारा लगाउने भन्ने कुराको निर्धारण र किनारा लगाउने तराका, र

[च] आफ्नो सेवामा व्यक्ति तथा माल सामानहरू ओसार पसार गर्दा पालन गर्नु पर्ने शर्तहरू निर्धारण गर्ने।

## अनुसूचि (क)

(दफा ३१ को उपदफा [१] सम्बन्धित)

मेनेजिंग एजेन्टका शर्तहरू:—

[१] मेनेजिंग एजेन्टले देहायको मेहनताना पाउनेछ।

(क) लाभांश बांड्नु भन्दा अघि नै सामान्य मसलन्द खर्च र ह्रासकट्टी र ऋणको व्याज कट्टी गरी करपोरेशनको मूल नफामा ११।-। एघारप्रतिशत कमिशन।

(ख) अफिसको वास्तविक खर्च चलाउन र करपोरेशनको तर्फबाट संचालन हुने कारोबार सम्बन्धी सबै कुराहरूमा लाग्ने रकम।

(ग) करपोरेशनको समितिले तोकेको शियर अनुसारको सामान्य लाभांश।

[२] मेनेजिंग एजेन्टको कार्य अवधि पहिलो पटकलाई १० (दश) वर्षसम्मको हुनेछ।

[३] मेनेजिंग एजेन्टले प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट करपोरेशन वा त्यसको कुनै सहायक अंगसंग हुने वा हुने भनी प्रस्तावित भएका ठेक्का पट्टाहरूमा भाग लिन सक्ने छन्।

तर सो गर्नु भन्दा अघि:—

[१] प्रस्तावित विषय, स्वीकृतिको लागि समितिछेउ पेश गर्नु पर्नेछ र

[२] मेनेजिंग एजेन्टले उपर्युक्त विषयमा हुने कुनै विचार विमर्श वा निर्णयमा भाग लिन पाउने छैनन्।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

# अनुसूचि (ख)

(दफा ३३ को उपदफा (२) सम्बन्धित)

मेनेजिंग एजेन्टको अधिकार देहाय बमोजिम हुनेछ:—

(क) कर्पोरेशनको प्रमोशन, गठन, स्थापना र रजिष्टरी सम्बन्धी प्रारम्भिक तथा अरू आकस्मिक कामको निमित्त परल मोल तथा दस्तूर बापतको रकम तिर्ने र अरू खर्चहरू दिने र कर्पोरेशनले ग्राहकहरूबाट सम्पत्ति, मेशिन वा अरू हक अधिकारहरू लिएकोमा त्यसको परल मोल तथा दस्तूर बापतको रकम निजहरूलाई तिर्ने।

(ख) आफूलाई उचित लागेको शर्त र मूल्यमा कर्पोरेशनले प्राप्त गर्न पाउने सम्पत्ति, हक अधिकार वा अरू सुविधाहरू कर्पोरेशनको निमित्त खरीद गर्ने वा अरू प्रकारबाट प्राप्त गर्ने र आफूलाई उचित लागेको शर्त र मूल्यमा कर्पोरेशनको सम्पत्ति सुविधा र अरू कारोबारहरू शर्त सहित वा बिना शर्त बिक्री गर्ने, भाडामा दिने, ठहेदी गर्ने वा अरू प्रकारबाट उठाई दिने।

(ग) कर्पोरेशनले प्राप्त गरेको सम्पत्ति, हक अधिकार र अरू सुविधाहरू वा कर्पोरेशनको निमित्त गरिएका सेवाहरूको परल मोल तथा दस्तूर बापत आफ्नो तजबीजमा पूरा वा आंशिक रूपमा कर्पोरेशनको नगद रुपैयां वा शेयर, बोन्ड डिबेन्चर वा अरू सिक्योरिटी दिने, उक्त शेयर हुवें पक्षको मञ्जूरी भए मा चाहिने रकम पूरा वा आंशिक रूपमा चुक्ता हुने गरी दिन सकिनेछ र उक्त बोन्ड डिबेन्चर वा अरू सिक्योरिटी कर्पोरेशनको सबै वा केही सम्पत्ति र सो कर्पोरेशनको भुक्तानी प्राप्त नभएको पूंजिमा किटी वा नकिटी लगाई लिन पाइनेछ।

(घ) कर्पोरेशनले लिए दिएका कुनै ठेक्का पट्टा वा काम कुराहरू कार्यान्वित गर्न आफूलाई ठीक लागेको तरिकाबाट कर्पोरेशनको सम्पत्तिको सबै वा केही अंश र सो कर्पोरेशनको तत्काल भुक्तानी प्राप्त नभएको पूंजी समेत समितिको अनुमति लिई बन्धकी वा धितो राख्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

(ङ) समय समयमा आफूलाई आवश्यक लागे बमोजिम स्थायी, अस्थायी वा विशेष सेवाहरूमा कुनै एजेन्ट, मेनेजर, सेक्रेटरी, पदाधिकारी, कर्मचारी र अरू कामदारहरू नियुक्त गर्ने र त्यसरी नियुक्त गरिएकाहरूलाई हटाउने वा सस्पेन्ड गर्ने र तिनीहरूको अधिकार, कर्तव्य र तलब भत्ता निर्धारित गर्ने र सो सम्बन्धमा आवश्यक लागेको अवस्थामा आवश्यक लागेको रकम सिक्युरिटीको रूपमा लिने ।

(च) संगठित भएको वा नभएको कुनै एक वा एक भन्दा बढी व्यक्तिलाई कर्पोरेशनको वा कर्पोरेशनसंग सरोकार भएको कुनै सम्पत्ति कर्पोरेशनको तर्फबाट ट्रष्टको रूपमा स्वीकार गर्ने र राख्न वा अरू कुनै प्रयोजनको निमित्त नियुक्त गर्ने, ट्रष्टहरूलाई खडा गर्ने संचालन एवं कार्यान्वित गर्ने र ट्रष्टिहरूको निमित्त तलबभत्ताको प्रबन्ध गर्ने ।

(छ) कर्पोरेशन वा यसका पदाधिकारीद्वारा चलाइएका वा तिनका विरुद्ध चलेको वा कर्पोरेशनको कामकाज सम्बन्धमा कुनै मुद्दा मामिला दायर गर्ने, परिचालन गर्ने, सम्झौता गर्ने वा छोड्ने तथा कर्पोरेशनको वा त्यसको विरुद्ध भएको कुनै लिनु दिनु पर्ने रकम र दावीको माग पूरा गर्न समय लिने वा दिने ।

(ज) कर्पोरेशनलाई दिनु पर्ने रकम वा कर्पोरेशनको हक दावी बापत उठेको रकमको भराई, छुटकारा र फरफारखतहरू दिने ।

(झ) ऋण तिर्न नसक्ने साहूको दामासाहीमा परेका व्यक्तिहरू सम्बन्धी सबै विषयहरूमा कर्पोरेशनको तर्फबाट काम कारवाई गर्ने ।

(ञ) नेपालका विभिन्न भागहरूमा वा अन्यत्र समय समयमा कर्पोरेशनको काम कारवाईहरूका उचित संचालनको निमित्त आफूलाई ठीक लागेको व्यवस्था गर्ने वा विशेष गरी शाखा कार्यालयहरू खोल्ने र आफूलाई उचित लागेको शर्तमा एजेन्सी वा एजेन्टहरू नियुक्त गर्ने र आफूलाई उचित लागेको अधिकार उक्त एजेन्सी वा एजेन्टहरूले आफू प्रयोग गर्न र अरूलाई सुम्पन समेत पाउने गरी अधिकार सुम्पने ।

(ट) कर्पोरेशनको शेयर वा डिबेन्चर वा कुनै उचित लागेको अरू सिक्युरिटीहरूमा कर्पोरेशनको सम्पत्ति वा कलमको तरिकाबाट लगानी गर्ने, त्यसमा समय समयमा फेर बदल गर्ने र उक्त लगानी असूल उपर गर्ने ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

(ठ) कुनै संचालक वा अरू व्यक्तिले कर्पोरेशनको भलाईको निमित्त हुने व्यक्तिगत दायित्व बोकेको वा बोक्ने भएकोमा त्यस्तो संचालक वा व्यक्तिको नाममा कर्पोरेशनको तर्फबाट आफूलाई उचित लागेको कर्पोरेशनको सम्पत्ति धितो राख्ने, त्यस्तो धितो पत्रमा बेच बिखन गर्ने दुवै पक्षमा मन्जुर भए बमोजिमको अरू अधिकार प्रयोग गर्न पाउने र अरू कुराहरू समेतको व्यवस्था गर्न सक्ने।

(ड) कर्पोरेशनको कुनै कर्मचारीलाई कुनै खास कारोबारबाट भएको नाफामा कमिशन दिने वा कर्पोरेशनको सामान्य नाफामा शेयर वा अरू रकम दिने।

(ढ) लाभांश सिफारिस गर्नु भन्दा अगावै कर्पोरेशनको नाफाबाट आफूलाई उचित लागेको रकम भइपरी आउने काम कुराको निमित्त वा लाभांश बराबर गर्न वा कर्पोरेशनको कुनै सम्पत्तिको मर्मत सुधार वा संचालनको निमित्त र कर्पोरेशनको हित हुने अरू आफ्नो विचारमा लागेका उद्देश्यहरूको निमित्त जगेडा कोषमा रकम पन्छाई राख्ने, यसरी पन्छाइएका विभिन्न रकमहरू कर्पोरेशनको शेयर बाहेक आफूलाई उचित लागेका अरू लगानीहरूमा लगाउने र समय समयमा यस्तो लगानीहरूलाई फेर बदल गर्ने र त्यसको सबै वा केही अंश कर्पोरेशनको भलाईको निमित्त छुट्याउने र जगेडा कोष पछाडि कर्पोरेशनको निमित्त काम गर्ने अरू कलमसँग अलग राख्न नपर्ने गरी यस्तो रकमहरूलाई लगानी गर्ने अधिकारसमेत दिई आफूलाई उपयुक्त लागेको विशेष कोषहरूमा विभाजन गर्ने।

(ण) कर्पोरेशन, त्यसका पदाधिकारी र कामदारहरूको कामकाज सम्बन्धी विनियमहरू बनाउने, संशोधन गर्ने र खारेज गर्ने।

(त) कर्पोरेशनका उद्देश्यहरू कार्यान्वित गर्न आफूलाई उचित लागेको ठेक्का पट्टा, कन्ट्र्याक्ट, शर्तनामा र अरू लिखत कागज वा अरू काम कुराहरू कर्पोरेशनको तर्फबाट गर्ने त्यसलाई रद्द गर्ने र संशोधन गर्ने।

(थ) कर्पोरेशन वा यसका कर्मचारीहरूको हितको निमित्त वा कर्पोरेशनको कारोबार स्थान वा शहरसँग सम्बन्धित धार्मिक वा लोकोपकारी कार्य र अरू संस्थाहरू स्थापना गर्ने, त्यसलाई प्रोत्साहन दिने तथा चन्दा दिने कर्पोरेशनको सेवा गरेका व्यक्तिहरूलाई वा कर्पोरेशन उपर कानूनी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दाबी भए पनि नभए पनि मनेजिङ्ग एजेन्टको तजवीजले त्यस्ता व्यक्तिहरूका स्त्री, बालबच्चा वा निजहरूको आश्रितहरूलाई पेन्सन उपदान वा अरू सेवा सहायता प्रदान गर्ने।

(द) आफूले सिफारिस गर्नु भन्दा अघि कर्पोरेशनको नफाको केही अंश पेन्सन उपदान वा क्षतिपूर्तिको निमित्त परबारी राख्ने वा आफूलाई ठीक लागेको तरीकाबाट कुनै प्रोभिडेण्ट फण्ड (कोष) वा बेनिफिट फण्ड वा अरु फण्ड सिर्जना गर्ने।

(ध) उपर्युक्त कोषहरू (फंड) मा कर्मचारीहरू र कर्पोरेशनको तर्फबाट प्रदान गरिने भन्दा बुझाउने समय र त्यसको तरीका तथा कोषहरूबाट हुने आम्दानी लगानी गर्ने सस्पेण्ड गर्ने परित्याग गर्ने किनारा लगाउने र उक्त कोषहरूको कार्य सञ्चालन बारे समय समयमा आफूले उपर्युक्त ढङ्गको नियम विनियम बनाउने, फेर बदल गर्ने।

(न) बैंकमा हिसाबखाता खोल्ने र त्यसको संचालन गर्ने।

(प) आफूलाई प्रदान गरिएका सब वा केही अधिकार समय समयमा अरूलाई सुम्पने।

## अनुसूची (ग)

### ( दफा ३४ सम्बन्धित )

### इमानदारी र गोपनीयताको प्रतिज्ञा

म प्रतिज्ञा गर्दछु कि कर्पोरेशनको संचालक वा पदाधिकारी वा कर्मचारी वा आडिटरको हैसियतबाट वा कर्पोरेशनमा आफ्नो पद सम्बन्धी समूचा काम कुरामा आफ्नो योग्यता औ चतुराले भेटे सम्म गरी आफ्नो कर्तव्यको पालन इमान्दारीपूर्वक र सत्यनिष्ठाले गर्नेछु।

म पुनः प्रतिज्ञा गर्दछु कि पहिले कुनै अनधिकृत व्यक्तिलाई कर्पोरेशन सम्बन्धी कुनै सूचना प्रकाश गर्ने वा गर्न लगाउने वा कसैलाई कर्पोरेशनको अधीनमा रहेको र कर्पोरेशन सम्बन्धी कुनै किताब वा कागजपत्र कुनै त्यस्तो व्यक्तिलाई निरीक्षण वा ग्रहण गर्न दिने छैन।

लालमोहर सदर मिति २०१४।१२।१८।६ मा

आज्ञाले-

नयनबहादुर खत्रीक्षत्री

सेक्रेटरी:- कानून तथा संसदीय प्रबन्ध सचिवालय

---

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर ॰ईश्वरराज शर्मा.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।